



# दोर्दी-१ जलविद्युत खबर

सर्ज ट्याङ्क सम्म जाने बाटो खनिदैं

भाद्र २०७४, अंक ८

## आयोजनाको हालको निर्माण अवस्था

कर्मचारीहरुका लागि निर्माण भइरहेको RCC क्याम्प हाउसको बिजुली, पानी, झ्याल ढोका, पेन्टिङ्ग लगायतका Finishing Works को कार्य जारी रहेको र आगामी महिनाको पहिलो हप्ता सम्म त्यससम्बन्धी सम्पूर्ण कार्य सकिने लक्ष्य राखिएको छ । आयोजनाको विभिन्न पहुँचमार्ग स्तरोन्नतिका लागि ग्याबियन पर्खाल लगाउने कार्य भइरहेको छ । त्यस्तै गरि आयोजनाको विभिन्न स्थानमा पानी निकासको लागि नालीको निर्माण गर्ने कार्य भइरहेको छ ।

यस आयोजनाको विद्युत राष्ट्रिय ग्रिडमा जोड्न आवश्यक पर्ने Marsyangdi Corridor Transmission Line Project को प्रसारण लाइनको निर्माणका लागि नेपाल विद्युत प्राधिकरणले ठेकेदारको चयन गरी आवश्यक जग्गा समेत खरिद गरिसकेको छ । भाद्र २८, २०७४ मा यस आयोजनाको interconnection point उदिपुर सबस्टेसन परिवर्तन भई हाल लमजुङ्गको किर्तिपुर सबस्टेशन कायम गरिएको छ ।



पहुँचमार्गदेखि क्याम्प हाउस सम्म ग्राभेलिङ्ग गरिदैं





एक्साभेटर द्वारा बर्षेपानीको लागि निकास बनाइदैं



ग्याबियन वाल लगाइदैं

उक्त लाइनको लागि आवश्यक IEE कार्य पनि सुरु गरिसकेको छ । आयोजनाको हेडवर्कस स्थित Desilting Basin रहने ठाउँमा थप Excavation कार्य जारी रहेको छ । सरकारी वन उपभोगको स्वीकृतिको लागि जिल्ला वन कार्यालय लमजुङ्गबाट सिफारिस भई हाल वन मन्त्रालयबाट स्वीकृतिको लागि सिफारिस हुने क्रममा रहेको छ । निर्माण अवधिभर आवश्यक पर्ने विद्युतीय उर्जा प्राप्तिको लागि नेपाल विद्युत प्राधिकरणबाट स्वीकृति लिने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । आयोजनाको लागि आवश्यक सर्म्पूण जग्गा खरिद गरिसकिएको छ ।



सर्जट्याङ्क क्षेत्रको पहुँचमार्गमा ग्याबियन वाल लगाइँदै



निर्माणाधीन क्याम्प हाउस



क्याम्प हाउसमा पेटि बनाइदै

सम्पादक: पार्वती पराजुली

दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड

त्रिपुरेश्वर ,काठमाडौं

फोन न: ९७७-१-४२३२७४८, ४२३२७४९,

ईमेल : info @dordikhola.com.np

वेबसाइट : www.dordikhola.com.np